# बुटवल १५ का महिलाहरूलाई नि:शुल्क सिपमुलक तालिम

बुटवल (बुटवलटुडे), २७ मंसिर- लुम्बिनी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा बुटवल उपमहानरपालिका वडा नम्बर १५ का महिलाहरूको लागि जुत्ता र व्याग बनाउने तालिम शुभारम्भ गरिएको छ।




३० दिने तालिमको सोमबारदेखि एक कार्यक्रमको आयोजना गरी शुभारम्भ गरिएको हो। लुम्बिनी प्रदेश सभा सदस्य जमुना ढकालले कार्यक्रमको शुभारम्भ गर्दै समाजमा बढ्दै गएको लैंगिक हिंसा अन्तय गर्न महिलाहरू आर्थिकरूपमा सशक्त लागि यो कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताईन। तालिममा सहभागी महिलाहरूलाई प्रशिक्षकले दिएको ज्ञान र सिप राम्रोसंग लिएर दक्ष भई व्यवसाय संचालन गर्न समेत आग्रह समेत गरिन्। बुटवल उपमहानगरपालिकाका वडा १५ का अध्यक्ष तथा नगर प्रवक्ता शिव रानाले जनप्रतिनिधिकोरूपमा आफूहरू निर्वाचित भएर आएपश्चात सम्पूर्ण वडावासीलाई हरेक पक्षमा सबल र सक्षम बनाउने उद्देश्य राखेर काम गरिरहेको बताउदै यो तालिम आयोजना गरिएको जानकारी दिए।

तालिम शुभारम्भ कार्यक्रममा वडा सदस्य रमा पौडेल पराजुलीले स्थानीय महिलाहरूलाई सिप प्रदान गरि स्वरोजगार बनाउने र आगामी दिनमा उद्यमी बनाउने उद्धेश्यले सिपमुलक कार्यक्रमको आयोजना गरिएको बताईन। व्याग बनाउने तालिममा ३० जना र जुत्ता बनाउने तालिममा ३० जना स्थानीय महिला सहभागीता छन्। लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयले १० लाख रुपियाँ रकम सहयोग गरेको छ। तालिममा सेमलार खानेपानी उपभोक्ता तथा सरसफाई संस्था अधक्ष्य प्रेम प्रसाद पौडेल, प्रशिक्षक ए फोर ट्रेनिङ्ग सेन्टर प्रालिका प्रशासन प्रमुख सुनिता पाठक, सामाजिक विकास डिभिजन कार्यालय रूपन्देहीका प्रमुख हरि विष्ट, नवरत्न माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद भुसाल, बुटवल उपमहानगरपालिका वडा नम्बर १५ वडा नागरिक मंञ्चका पूर्व संयोजक रामकुमारी अधिकारी, ए फोर ट्रेनिङ्गसेन्टर प्रालिका कार्यबाहक अभ्यक्ष अनिल केसी लगायतले आ आफ्नो भनाई राखेका थिए।

# घण्टदेव सामुदायिक वन मसुरीयामा महायज्ञ सुरु

लमही (बुटवलटुडे), २७ मंसिर- लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरीको राप्ती गाउँपालिका वडा नम्बर ३ मसुरीयामा बुधबार देखि महायज्ञ सुरु भएको छ। हिन्दु धर्मको संरक्षण सम्बृर्द्धन गरि धार्मिक साँस्कृतिक तिर्थस्थलको रूपमा विकास गर्न तथा घण्टदेव धाम धार्मिक पर्यटकीय जलाधार संरक्षण स्थलको प्रारम्भिक पूर्वाधार निर्माण तथा अक्षयकोष स्थापनार्थ घण्टदेव सामुदायिक वनले सामुदायिक वन कार्यालय परिसर मसुरीयामा श्रीमद्भागवत महापुराण सप्ताह धनधन्याचल ज्ञानमहायज्ञ सुरु भएको हो। महायज्ञको उद्धाटन गर्दै सभामुख घर्तीले मानव जातीमा सकरात्मक सोचाईको विकास गर्न महायज्ञले महत्वपुर्ण भूमिका खेल्ने बताएका छन्। पछिल्लो समय मानवहरू अराजक तथा नकारात्मक गतिविधि तर्फ लागेको बताउँदै त्यस्ता क्रियाकलाप रोक्न यस्ता धार्मिक क्रियाकलापले पनि भूमिका खेल्ने हुँदा सम्पुर्ण वडा तथा राप्तीबासीहरूलाई महायज्ञमा सहभागी गराउन आयोजकले ध्यान दिन सक्नुपर्ने बताएका छन्। त्यस्तै सभामुख घर्तीले सामुदायिक वनले राखेको उद्देश्यमा प्रदेश सरकारले पनि सहयोग गर्ने बताएका छन्। आफू कानुन निर्माणको प्रमुख भएको नाताले पनि संसदमा र विकास गर्ने थलोमा रहेका मुख्यमन्त्री सँग समन्वय गर्ने बताएका छन्।


## हरैया माध्यमिक विद्यालय
**कञ्चन-३, रूपन्देही**

## शिक्षक आवश्यकता

कञ्चन गा.पा.को च.नं. ८२५/२०८०–८१ को पत्रानुसार यस हरैया माध्यमिक विद्यालयमा अध्यापन गर्नका लागि तपसिलमा उल्लेखित शिक्षक आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आहवान गरिन्छ।

तपसिल

१. **विज्ञापन नं.**: ४/२०८०–०८१

**पद**: शिक्षक **विषय**: विज्ञान (भौतिक शास्त्र)

**पद संख्या**: १ **तह/श्रेणी**: मा. वि. द्वितीय

**किसिम**: अस्थायी करार

२. **शैक्षिक योग्यता**: भौतिक शास्त्रमा स्नातकोत्तर वा सो सरह (कम्तिमा द्वितीय श्रेणी)

३. **उमेर**: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

४. **परीक्षा दस्तुर**: रु. २५००|–

५. **तलब स्केल**: नेपाल सरकारको नियमानुसार

६. **दरखास्त बुझाउने अन्तिम मिति**: २०८०/०९/११ गते विद्यालय समयभित्र। (अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट विद्यालय खुल्ने दिन दरखास्त दिन सकिने।)

७. **सम्पर्क मिति**: २०८०/०९/१२ गते विद्यालय समय भित्र।

८. **परीक्षा मिति**: सम्पर्क मितिमा तोकिने छ।

९. **परीक्षाको किसिम**: लिखित, अन्तवार्ता र कक्षा अवलोकन (आवश्यकता अनुसार)

१०. **संलग्न गर्नुपर्ने कागजातहरुः** नागरिकता, शैक्षिक योग्यता प्रमाण पत्र र स्थायी अध्यापन अनुमति पत्रका प्रतिलिपीहरु

अन्य जानकारीका लागि निम्न फोन नं. वा विद्यालयमा सम्पर्क गर्न सकिने छ।
०७१-४१७०९९, ९८५७०२४७१६, ९८६७१०३२४३, ९८५७०२७३४८

**प्रधानाध्यापक**


# उजिरसिंह जिल्लास्तरीय भलिबलमा पशुपति मावि, सैनामैना विजयी दोस्रो चरणमा

बुटवल (बुटवलटुडे), २७ मंसिर- उजिरसिंह माबिको हीरक समारोह अन्तरगत जिल्ला स्तरिय यु २० अन्तरविद्यालय छात्र भलिबल प्रतियोगिता २०८० शुरु भएको छ। प्रतियोगिताको एक समारोहका बिच प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्य सचिव जयप्रकाश भट्टराईले समुद्धाटन गर्दै बुटवलमा लुकेर बसेका प्रतिभाहरूलाई प्रस्फुटन गर्ने गरि भलिबलको ट्यालेन्ट हन्टका रूपमा रहेको बताए। प्रदेशकै यु २० टिम तयार गर्न समेत प्रतियोगिताबाट सहयोग मिल्ने उनले दाबी गरे। खेल प्रतियोगिता एउटा फेलोसिप, भातृत्व विकास गर्ने रूपमा रहेको उनले बताए।




कार्यक्रममा बुटवल खेलकुद विकास समितिका संयोजक बोनिन पियाले विद्यालयस्तरबाट खेललाई प्राथमिकतामा राख्न सके खेलाडी उत्पादनमा मद्यत मिल्ने बताए। बुटवलमा पुर्वाधार विकास र प्रतियोगितामा आफुहरूले जोड दिएको उनले बताए। कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष बिमल बहादुर शाक्यले स्थानिय खेलप्रेमी, सहयोगदाताहरूको आर्थिक सहयोगमा प्रतियोगिता आयोजना गर्न सफल भएको बताए।

कार्यक्रममा विद्यालयका प्रअ पदमराज ज्ञवाली, विशेष सल्लाहकार टेक बहादुर थापाले प्रतिभा प्रस्फुटनको महत्वपूर्ण पाटोका रूपमा हीरक महोत्सवमा विविध रचनात्मक कार्यक्रम आयोजना गरिएको बताए। यसैबिच बुधबार भएको मैत्रीपुर्ण उद्घाटन खेलमा आयोजक उजिरसिह माबिले जनज्योति माबिलाई २–१ को सेटले जित निकालेका हो।

प्रतियोगिता अन्तरगत नकआउट चरणको पहिलो खेलमा पशुपति माबि सैनामैनाले नबिन माबि बुटवललाई २–० को सोझो सेटमा पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेको छ। विद्यालयका खेल संयोजक यम बहादुर श्रेष्ठले प्रतियोगिताको उपाधि विजेताले नगद १ लाख रूपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने बताए। यसैगरि उपविजेता टिम नगद ७५ हजार, तृतिय टिमले ५० हजार रूपैया तथा सान्त्वना टिमले नगद २५ हजार रूपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने उनले बताए। यसैगरि विधागत उत्कृष्ट खेलाडीहरूलाई समेत नगद तथा कपबाट पुरस्कृत गरिने उनले बताए। प्रतियोगितामा ३५ विद्यालयहरूले उपाधीका लागि प्रतिस्पर्धा गर्ने छन्।

# गैडहवा ताल प्रचार गर्न भलिबल सहितका कार्यक्रम



बुटवल (बुटवलटुडे), २७ मंसिर।

रूपन्देहीकै ठूलो गैडहवा तालको बिकास तथा प्रचार प्रसार गर्ने उद्देश्यले बुधबारदेखि दोस्रो गैडहवा गाउँपालिका अध्यक्ष कप 'बी' लेभल खुल्ला भलिबल प्रतियोगिता सुरु भएको छ।

गैडहवा गाउँपालिका ४ मा अवस्थित तालको बिकासका लागि बुधवारदेखि मंसिर ३० गतेसम्म खुल्ला भलिबल प्रतियोगितासहित विविध साँस्कृतिक मेला सुरु भएको हो।स्थानीय शान्ति युवा क्लबको आयोजना गैडहवा गाउँपालिकासँगको आर्थिक सहयोगमा प्रतियोगिताको आयोजना गरेको हो।

प्रतियोगिता तथा सांस्कृतिक मेलाको बुधबार उदघाटन गर्दै गैडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडलले भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनीसँग जोडिएको गैडहवाको पर्यटन क्षेत्रको बिकासका लागि यो प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमका माध्यमबाट महत्वपूर्ण सहयोग पुग्ने विश्वास ब्यक्त गरे। उनले जिल्लाकै ठूलो ताल गैडहवामा हजारौं प्रजातीका चराहरू विचरण गर्ने थलोका रूपमा रहेको बताउँदै ताललाई बिकास गर्नेगरि गाउँपालिकाले कार्यक्रम अघि बढाएको बताउनु भयो।अध्यक्ष पौडेलले लुम्बिनीसँग गैडहवालाई जोड्न यहाँका पर्यटकीय क्षेत्रमा भौतिक संरचनाको बिकास, नागरिकमा सीप बिकास गरि होम स्टे सञ्चालको तयारी तथा सम्भाव्यताको अध्ययन गरि पर्यटकीय स्थलहरू थप गर्ने गरी पालिकाले काम अघि बढाएको बताए।

यसैगरी कार्यक्रममा गैडहवा गाउँपालिकाका निवर्तमान अध्यक्ष बच्चुलाल केवटले गाउँपालिकाको प्रोत्साहनमा क्लवले आयोजना गरेको प्रतियोगिता र सांस्कृतिक महोत्सवले समग्र गैडहवाको विकास र प्रचार प्रसारमा योगदान पुग्ने बताए। यस प्रकारका कार्यक्रम गरेर पालिकाले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग गरेको भन्दै पालिकाको सराहना गरे। कञ्चन गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष सुरेन्द्रसिंह कुर्मीले गैडहवा तालको विकासमात्र नभै समग्र गैडहवा क्षेत्रकै पर्यटन विकासमा प्रतियोगिता र महोत्सवले उत्साह थपेको बताए।

यस्तै कार्यक्रममा विभिन्न राजनीतिक दल समाज सेवि बुद्धिजीवीहरूले आआफ्नो भनाइ राख्दै गैडहवा ताल बाट पालिकाको नामकरण गरिएकोले पालिलाले ताल विकास सगै प्रचारप्रसार प्राथमिकताका साथ अगाडि बढाउन सुझाव दिए । प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट एक दर्जन बढी समूहको सहभागिता रहेको आयोजक क्लबका अध्यक्ष टंकप्रसाद बस्नेतले जानकारी दिए । भलिबल प्रतियोगिताको विजेताले प्रथम पुरस्कार ७५ हजार नगद राशीसहित ट्रफी, कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कार्यक्रम संयोजक यमप्रसाद अधिकारीले जानकारी दिए।

यसैगरि उपविजेताले ५० हजार, तेस्रो हुने समुहले ३० हजार तथा सान्त्वता हुने समूहले २० हजार नगद राशीसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन। प्रतियोगिता सम्पन्न गर्न ८ लाख बढी खर्च अनुमान गरिएको छा गाउँपालिका र वडा नम्बर ४ को आर्थिक सहयोगमा प्रतियोगिता सम्पन्न गर्न लागिएको हो ।कार्यक्रम उदघाटनको अवसरमा स्थानीय परम्परा झल्किने साँस्कृतिक प्रस्तुती तथा स्थानीय कलाकारको नृत्य प्रस्तुत गरिएको थिए सहित ३ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा जातीय तथा परम्परागत परिकारसँगै डुङ्गा सयर पनि गर्न पाइने आयोजकले जनाएको छ।


## श्री गोरखदल गण, रामग्राम ब्यारेक, नवलपरासी
## विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं.: NA/GODA/080/81/03

(दोस्रो पटक प्रकाशित मिति: २०८०/०८/२८ गते।)

आ. ब. ०८०/८१ मा सिमिक कार्यक्रमहरु (QIPs) सञ्चालनको लागि श्री मध्यपश्चिम पृतना हे. क्वा. लाई स्वीकृत प्राप्त कार्यक्रमहरु मध्ये यस गणको जिम्मेवारी क्षेत्रमा पर्ने सुस्ता गा. पा. ५ (सुस्ता पारी) श्री जनता दलित आधारभुत बिद्यालयमा बेशमेन्ट सहितको पुस्तकालय भवन (Construction of Library) निर्माणको लागि e-GP System को माध्यमबाट दोस्रो पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा ईजाजत प्राप्त ईच्छुक दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको Mail: ;orakhdalbn@gmail.com वा फोन नं. ०७८-५२०६५७ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ।


# रियलमी बड टि ३०० र टि १०० बजारमा

काठमाडौँ (बुटवलटुडे), २७ मंसिर। शङ्कर ग्रुपको सहायक कम्पनी तथा रियलमी मोबाइलको आधिकारिक वितरक जगदम्बा मोबाइल प्रा.लिले दुई उत्कृष्ट इयरबडहरू बजारमा ल्याएको छ। आकर्षक मूल्य र उत्तिकै आकर्षक डिजाइनमा आएका यी दुई इयरबड्सहरूमा उत्कृष्ट गुणस्तरको साउन्ड एक्स्पिरियन्स गर्न सकिने कम्पनीको दाबी छ। रियलमी नेपालका कन्ट्री हेड मुनिष गिरीले भने- "रियलमी बड्स टि ३०० र रियलमी बड्स टि १०० अन्य इयरबडहरू भन्दा भिन्न छन्। हाम्रा ग्राहकहरूले धेरै खर्च नगरी नै उत्कृष्ट अडियोको अनुभव पाउन भन्नको लागि हामीले यी इयरबडहरू बजारमा ल्याएका हौं।"

संगीतका पारखीहरूका लागि रियलमी बड टि ३०० एकदमै उपयुक्त छ। १२.४४ एमएमको डायनामिक ब्यास ड्राइभर सहित आउने यस टि ३०० ले गहिरो ब्यास साउन्ड प्रदान गर्दछ। ३० डिबीको ए.एन.सी (एक्टिभ नोइज क्यान्सिलेसन) सहितको यस बडमा तपाईंले आफूलाइ मनपर्ने गीतहरू आरामसँग सुन्न सक्नेछन्। रियलमीको यो टि ३०० इयरबड ४६० एम.ए.एचको ब्याट्री र चार्जिङ केसका साथ आउँदछ। ४० घण्टाको ब्याट्री लाइफ भएको यस बडमा एकदिन भन्दा बढी आनन्दले गीत सुन्न सकिने कम्पनीले जनाएको छ। रियलमी टि ३०० ५० एम.एसको अल्ट्रा-लो ल्याटेन्सीका साथ उपलब्ध छ जसले गेमिङ र भिडियो हेर्दा सिमलेस कनेक्टिविटी प्रदान गर्दछ। ३६०-डिग्री स्पेसल अडियो इफेक्टले थ्रि-डी साउन्डको अनुभव दिने दावि कम्पनीको छ। ४-माइक्रोफोन कल नोइज क्यान्सलेसन भएकोले गर्दा फोन कलमा कुरा गर्दा रियलमी बड टि ३०० मा जस्तो सुकै हल्लाखल्ला भएपनि प्रस्टसँग आवाज सुन्न सकिन्छ। रियलमी टि ३०० मा आइपी ५५ लेभलको वाटर र डस्ट रेसिस्टेन्स आउने भएकोले यो इयरबड टिकाउ पनि छ।


## श्री पब्लिक माध्यमिक विद्यालय
**सियारी-४, छपिया, रूपन्देही**

## शिलबन्दी बोलपत्र आहवान गरिएको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति: २०८०।०८।२६**

यस विद्यालयमा पार्किङ्ग टायल्स् जडानका लागि तपसिल वमोजिमको सामाग्रीहरू खरिद गर्नुपर्ने भएको हुँदा सम्बन्धित इजाजत प्राप्त फर्मवाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नका लागि सुचना प्रकाशित भएको मितिले १५ दिन विद्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। बोलपत्र फारम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्मले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड भैरहवा शाखा मा रहेको श्री पब्लिक माध्यमिक विद्यालय चल्ती खाता नं. ३०८०१०००००९१८००१ मा रु १,००० (एक हजार रूपैया मात्र) जम्मा गरेको सक्कल बैंक भौचर र लिखित निवेदनको साथ दर्ता भएको फर्म, प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छ। विस्तृत जानकारीका लागि यस विद्यालयको प्रशासनमा सम्पर्क राख्न सकिनेछ।

**नोट**: यो खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

| क्र. सं. | प्रस्ताव नं. | कार्यक्रमको नाम | ल. ई. रकम (मु. अ. कर कन्टिनजेन्सी समेत) रू | बोलपत्र जमानत रू | बोलपत्र जमानत तथा धरौटी जम्मा गर्ने बैंक खाता नं. | बोलपत्र दस्तुर | किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | Ps 01 2080/81 | पार्किङ्ग टायल Hexagonal Interlock Concrete Block [NS Standrad] | १७,५०,९९१.३६ | ५०,००० | राष्ट्रिय बाणिज्य बैंक भैरहवा शाखा श्री पब्लिक माध्यमिक विद्यालय चल्ती खाता नं. ३०८०१०००००९१८००१ | रु १,००० | शिलवन्दी दरभाउ |

**प्रधानाध्यापक**



## Musikot Municipality
## Office of the Municipal Executive
**Wamitaksar, Gulmi**

## Invitation for Online Bids

**Contract Identification No: MMEB20/SQ/GOODS/AG01/2080-081**

**Date of publication: 2080/08/28 (2023-12-14)**

1. Musikot Municipality has allocated funds to cover eligible payment under the Contract for Procurement of Agricultural tools and machinery items.
2. The Office of Musikot Municipality invites electronic bids from eligible bidders.
3. A complete set of Bidding Documents may be purchased from PPMO's e-GP system by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 1000.0 NRs.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Global IME Bank
   Name of Office : Musikot Municipality
   Office Code no. : 365005212
   Office Account no.: 07204010000004
   Name of Account : Ga 1.1. Aantarik Rajaswa Musikot
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 28-12-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-12-2023 13:00 hours at the Office of Musikot Municipality, Gulmi.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf. format, amounting to a minimum of 60000.NRs which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Goods Package/ Contract No | Description of works | Bid amount NRs | Bid security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | MMEB20/ SQ/GOODS/ AG01/2080-081 | Procurement of Agricultural tools and machinery items. | 1,000 | 60000 | |

**Chief Administrative Officer**